**सौर्य सडक बत्ति कार्यक्रम उपभोक्ता समिति**
गैंडाकोट  नगरपालिका, वडा नम्बर १-१७

## सौर्य सडक बत्ति जडान सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७३ ३/०३/१९

यस गैंडाकोट  नगरपालिका क्षेत्रमा नेपाल सरकारबाट स्वीकृत जनासहभागितामा आधारित सौर्य सडक बत्ति संचालन कार्यविधि २०७२ अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गैंडाकोट  नगरपालिका र उपभोक्ता समितिको संयुक्त लगानीमा सडक सौर्य बत्ति जडान गर्न बिभिन्न वडागत तहमा समितिहरु गठन भइसकेको तथा सो सम्बन्धी कार्य गर्न नेपाल सरकारले तोकेको रितपूर्वक दर्ता भएर बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा सुचिकृत भई सौर्य उर्जा क्षेत्रमा काम गरिरहेकोको आपुर्तीकर्ता फर्म आवश्यक हुने भएकोले गठित समितिहरुलाई सप्लाई तथा जडान सम्बन्धि सेवा दिन इच्छुक फर्महरुको लागि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ |

१. निवेदनको ढाँचा यस समितिको सम्पर्क कार्यालय (गैंडाकोट  नगरपालिका कार्यालय)बाट निवेदन दस्तुर रू ५००.०० तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ |

२. इच्छुक फर्मले कानुनी विवरण (दर्ता/नवीकरण, भ्याट पान दर्ता तथा कर चुक्ता) खुलेको कागजात सहीत तोकिएको ढाँचाको निवेदनसंगै निम्न कागजात पुरा गरी यस समितिको सम्पर्क कार्यालयमा आवेदन दिनुपर्नेछ |

   - ✓ संस्थाको बिस्तृत प्रोफाइल तथा सो सम्बन्धि कामको अनुभव
   - ✓ संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण
   - ✓ संस्थाको बिगत ३ वर्षको वित्तीय कारोबार सम्बन्धि विवरण
   - ✓ संस्था कालोसूचीमा नपरेको स्वघोषणा पत्र
   - ✓ निवेदनमा तोकिएको स्पेशिफिकेसन अनुसारको सामाग्रीहरुको दररेट
   - ✓ संस्थाको प्रमुख व्यक्ति तथा पेशागत विज्ञहरुको अनुभवको विवरण

३. आवेदन दिने अन्तिम मिति सूचना प्रकाशन भएको दिनदेखि ५ दिन अर्थात् मिति २०७३/०३/२३ गते दिनको ५:०० बजेसम्म रहनेछ | म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुनेछैन |

४. सौर्य उर्जा जडान सम्बन्धि कार्यको स्पेशिफिकेसन तथा अन्य प्राविधिक विवरण वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र वा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले  तोके बमोजिम हुनुपर्नेछ |

५. इच्छुक फर्मले सप्लाई गरेको खण्डमा VAT सम्बन्धि कारोबार गरेको हुनुपर्नेछ तथा सप्लाई गरिने सामानहरुको नियमानुसार VAT (लाग्ने भएमा) बिल समेत दिनुपर्नेछ |

६. यो सुचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ |

७. आवेदन पूर्ण या आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समितिमा निहित रहनेछ |

८. थप जानकारीको लागि यस समितिको सम्पर्क कार्यालयमा सम्पर्क राख्न वा फोन नम्बर ०७८-५०११९० मा कार्यालय समयभित्र फोन गरेर बुझ्न सकिनेछ |

सौर्य सडक बत्ति कार्यक्रम उपभोक्ता समिति
गैंडाकोट  नगरपालिका, वडा नम्बर १-१७